छत्रेश्वरी गाउँपालिका
ChhatreshworiRural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
भोटेचौर, सल्यान
Bhotechaur, Salyan
कर्णालीप्रदेश, नेपाल
Karnali Province, Nepal
०८८५९०२०९

प.सं.(Letter No.):
च.न.(Ref. No.):

## राष्ट्रिय दैनिक पत्रिकामा सूचना एवं विज्ञापन प्रकाशन गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०५/०८)**

यस छत्रेश्वोरी गाउँपालिकाको विभिन्न सूचनाहरु राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नका लागि राष्ट्रियस्तरका दैनिक पत्रिकाहरु बीच प्रतिष्पर्धा गरी सबैभन्दा बढी छुट कबोल गर्ने वा न्यूनतम दर कबोल गर्ने विज्ञापन एजेन्सीबाट सूचना प्रकाशन कार्य गर्नुपर्ने भएकोले सो सम्बन्धी कार्य गर्नका लागि ईजाजत प्राप्त इच्छुक विज्ञापन एजेन्सीले तपसिलको कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र सिलबन्दी दररेट पेश गर्नु यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

१. सिलबन्दी दरभाउपत्र साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ताको प्रमाणपत्र प्रतिलिपि, आ.व.२०८१।०८२ को कर चुक्ताको प्रमाणपत्र प्रतिलिपि, प्यान/भ्याट दर्ता लगायतका आवश्यक कागजात पेश गर्नुपर्ने ।

२. सिलबन्दी दरभाउपत्र पेश गर्ने फर्म तथा व्यवसायीले दररेट प्रस्ताव फाराम **(BOQ)** यस कार्यालयको वेबसाइट **www.chhatreshworimun.gov.np** बाट **download** गर्न सकिनेछ। **BOQ** साथ रु.१,०००/- (अक्षरुपी एक हजार रुपैंया मात्र) यस कार्यालयको आन्तरिक राजस्व खाता ०७२०१४००२५००२३मा दाखिला गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ र उक्त रकम फिर्ता हुने छैन ।

३. नियमानुसार सूचना प्रकाशित भएको मितिले १५ (पन्धौं) दिन (२०८२/०५/२२ गते) कार्यालय समय भित्र यस कार्यपालिकाको कार्यालयमा दररेट पेश गरिसक्नु पर्नेछ ।यसरी दर्ता हुन आएका प्रस्तावपत्र १६ (सोह्रौं) दिनको १.०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्तावपत्र खोल्न वाधा पर्नेछैन । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

४. दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रु. ६०,०००/-(अक्षरुपी साठी हजार रुपैंया मात्र) यस कार्यालयको धरौटी खाता ०७२०१०४०२५०१३९ मा दाखिला गरेको सक्कल भौचर वा ७५ दिन अवधि भएको कार्यसम्पादन जमानत सिलबन्दी प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

५. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको प्रस्तावहरुलाई स्वीकृत गरिने छैन ।

६. प्रस्ताव पेश गर्ने फर्म/विज्ञापन एजेन्सीहरुले पेश गरेको दररेट मध्ये सबैभन्दा कम दररेट पेश गर्ने विज्ञापन एजेन्सीको दररेट स्वीकृत गरिनेछ । दररेट स्वीकृत गर्ने/नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

७. यस सूचनामा उल्लेखित शर्तहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

गुरु प्रसाद योगी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गुरु प्रसाद योगी
प्रमुख प्रशासकीय अधिकृत

## बील अफ क्वान्टिटिज )BOQ)

| सि.न. | पत्र पत्रिकाको नाम | प्रति सिसि मूल्य | छुट | |
|---|---|---|---|---|
| | | | प्रति सिसि प्रतिशत अंकमा | प्रतिशत अक्षरमा |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

नोट : नियमानुसार तेस्रो पक्ष बील समेत पेश गरि बील अफ क्वान्टिटिज (BOQ) मा सबैभन्दा बढी प्रतिशत छुट कबुल गर्ने एउटा मात्र मिडिया एजेन्सी र पत्रिकाको दरभाउ अनुसार स्वीकृत गरिन्छ। कुनै दुईवटा पत्रिकामा वा फर्मले बराबर छुट कबुल गरेको खण्डमा सो फर्मको अघिल्लो आर्थिक वर्षको कारोवार कर चुक्ता प्रमाण पत्रको आधारमा हेरी सबैभन्दा बढी कारोवार गरेको फर्म स्वीकृत गरिनेछ।

पेश गर्नेको नामः

दस्तखत र मितिः

सम्पर्क नम्बरः

आधिकारिक छापः

CamScanner